सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम (३) बमोजिम

सार्वजनिक गरिएको विवरण :-

सूचना सार्वजनिक गर्ने निकायको नामः-

– सशस्त्र प्रहरी बल, नेपाल

सूचना सार्वजनिक गरेको अवधि :- मिति २०८२ कार्तिक, मंसिर र पौष।

(१) निकायको स्वरुप र प्रकृति :-

–सुरक्षा निकाय ।

(२) निकायको काम, कर्तव्य र अधिकार :-

–सशस्त्र प्रहरी ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरेको ।

(३) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :-

–संगठनको संरचना अनुसार।

–ऐन नियम बमोजिम ।

(४) निकायबाट प्रदान गरिने सेवा :-

–सुरक्षा सेवा ।

(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :-

–सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालय - सशस्त्र प्रहरी महानिरीक्षक,

–सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय अन्तर्गतका विभागहरु - सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक,

–राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान - सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक/सशस्त्र प्रहरी नायव महानिरीक्षक,

–राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय सिंहदरबार- सशस्त्र प्रहरी नायव महानिरीक्षक,

–सशस्त्र प्रहरी बल, नेपाल बाहिनी मुख्यालयहरु - सशस्त्र प्रहरी नायव महानिरीक्षक,

–ए.पि.एफ. कमाण्ड तथा स्टाफ कलेज, काठमाडौं- सशस्त्र प्रहरी नायव महानिरीक्षक,

–नेपाल ए.पि.एफ. अस्पताल- प्राविधिक सशस्त्र प्रहरी नायव महानिरीक्षक,

–सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय निर्देशनालयहरु- सशस्त्र प्रहरी नायव महानिरीक्षक,

–सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय महाशाखाहरु- सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक,

–ए.पि.एफ. ईन्टेलिजेन्स ब्युरो- सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक,

–सशस्त्र प्रहरी बल, नेपाल तालिम शिक्षालयहरु - सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक,

–सशस्त्र प्रहरी बल, नेपाल गण हे.क्वा.हरु- सशस्त्र प्रहरी उपरीक्षक,

–सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा.हरु- सशस्त्र प्रहरी नायव उपरीक्षक,

–सशस्त्र प्रहरी बल, नेपाल मद्दती तथा सेवा गुल्महरु- प्राविधिक सशस्त्र प्रहरी नायव उपरीक्षक,

–सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्महरु- सशस्त्र प्रहरी नायव उपरीक्षक,

– सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट (बि.ओ.पि.)हरु- सशस्त्र प्रहरी निरीक्षक,

–नेपाल सरकारले समय-समयमा तोकेको अन्य सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरु- नेपाल सरकारले तोकेको सशस्त्र प्रहरी अधिकृत ।

(६) <u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :-</u>

–निःशुल्क (सशस्त्र प्रहरी बल, नेपालको कार्यक्षेत्र भित्रको सुरक्षा सेवा)

–न्यूनतम अवधि लाग्ने ।

(७) <u>निर्णय गर्ने प्रक्रिया र अधिकारी :-</u>

–प्रचलित कानुन बमोजिम ।

(८) <u>निर्णय उपर उजुरी सुन्ने अधिकारी :-</u>

–प्रचलित कानुन बमोजिम ।

(९) <u>सम्पादन गरेको कामको विवरण :-</u>

❖ <u>प्रशासनिक कार्यहरु</u>

(क) सरुवा, विशेष बढुवा तथा समायोजन

➢ सशस्त्र सशस्त्र प्रहरी बल, नेपालको विभिन्न कार्यालयमा सरुवा ३९३४ जना, बढुवा २७३९ जना, विशेष बढुवा १२ जना तथा नयाँ नियुक्ति १४४७ जना र १५८ जनाको काज सरुवा गरिएको ।

(ख) कारवाही

- संगठनको नीति विपरित अनुशासनहिन तथा गैर जिम्मेवारीपूर्ण क्रियाकलाप गर्ने विभिन्न दर्जाका १२१ जना सशस्त्र प्रहरी कर्मचारीहरुलाई कारवाही भएको ।

(ग) गुनासो व्यवस्थापन

| हेलो सरकार | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय (प्रत्यक्ष उजुरी) | जम्मा | फछ्यौंट भएको | फछ्यौंटको क्रममा रहेको |
|---|---|---|---|---|---|
| ६२ | २१ | ६२ | १४५ | १३७ | ८ |

(घ) संयुक्त राष्ट्रसंघ मिशनमा सहभागिता संख्या

- FPU मिशनमा १८० जना सशस्त्र प्रहरी कर्मचारीहरु सहभागी भई २० जना फिर्ता भएका।

## ❖ कार्य तथा सीमा सम्बन्धी अप्रेशनल कार्यहरु

(क) हातहतियार बरामद

- विभिन्न प्रकारका पेस्तोल ३ वटा, भरुवा तथा एयर गन ११ वटा र हतियारको राउण्ड १९ वटा तथा राउण्डको खोका ३४ वटा बरामद गरिएको ।

(ख) लागूऔषध बरामद

| गाँजा (के.जी.) | नाईट्रोजन (ट्याबलेट) | नाईट्रोभेट (ट्यावलेट) | विभिन्न प्रकारका सिरिन्जहरु (गोटा) | स्पास्मो प्रोक्सिभन (ट्यावलेट) | ब्राउन सुगर (ग्राम) | डाइजिपाम (ट्यावलेट) |
|---|---|---|---|---|---|---|
| २७०४.०२ | १३० | ११०६८ | ९२३ | २३३ | २५२.८६ | १२४ |

(ग) पक्राउ

- विभिन्न अपराधमा संलग्न १०२ जनालाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाएको ।

(घ) मानव वेचविखन

- मानव बेचबिखन आशंकामा ३९ जना व्यक्तिहरुलाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाइएको र २४ जना महिला र ३४ जना बालबालिकाको उद्धार गरिएको।

(ङ) विपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरणमा परिचालन

| सि.नं. | घट्नाको किसिम | घट्ना संख्या | सकुशल उद्धार | मानवीय क्षति | | | परिचालित नफ्री |
|---|---|---|---|---|---|---|---|
| | | | | घाईते उद्धार | मृत्यु | बेपत्ता | |
| १. | सडक दुर्घटना | १८९ | ४ | ५४५ | ७५ | - | १६१२ |
| २. | आगलागी | १५५ | - | ९ | १ | - | १९६७ |
| ३. | बाढी/डुबान/कटान | २ | - | - | - | - | १२ |
| ४. | पहिरो | ४ | - | - | - | १ | ४० |
| ५. | हिमपहिरो/हिमपात | १० | - | ९ | ४ | ५ | ११३ |
| ६. | नदी तथा तालमा बगाएको/डुबेको | ८३ | २२ | २ | ४२ | २७ | ८१८ |
| ७. | शितलहर | ६ | - | - | - | - | ४० |
| ८. | हवाई दुर्घटना | १ | - | ७ | - | - | ७५ |
| जम्मा | | ४५० | २६ | ५७२ | १२२ | ३३ | ४६७७ |

(च) सशस्त्र प्रहरी बल, नेपालको गोताखोर (Deep Diving) तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुले विभिन्न ठाउँहरुमा भएको १६ वटा घटनाहरुमा १ जनाको सकुशल उद्धार र ५ जनाको शव फेला पारेको ।

(छ) सशस्त्र प्रहरी बल, नेपालका विभिन्न इकाईहरुले ५२८ वटा विद्यालय र ३३९ वटा क्लव तथा समुदायमा संचालन गरेको विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रममा कुल ४४ हजार ५ सय ६१ जनाको सहभागिता रहेको ।

## ❖ सीमा सम्बन्धी

(क) सीमा सुरक्षा गुल्म तथा बि.ओ.पि. सम्बन्धी विवरण

- पूर्व, दक्षिण र पश्चिमतर्फ रहेको सीमा सुरक्षा गुल्म :- ४५ वटा
- हालसम्म स्थापना भएका बि.ओ.पि. :- २१५ वटा
- पूर्व, दक्षिण र पश्चिमतर्फ :- २०४ वटा
- उत्तरतर्फका बि.ओ.पि.:- ११ वटा

(ख) अवैध चोरी निकासी तथा पैठारी बरामद

➢ अवैध चोरीनिकासी तथा पैठारी बरामद गरी राजश्व दाखिला गरेको रकम ३९ करोड ६४ लाख ७४ हजार ४ सय ७० रुपैयाँ रहेको ।

### (ग) सुन, चाँदी, अवैध रुपैयाँ र वन पैदावार (काठ) बरामद विवरण

| सुन | | | चाँदी | | | अवैध रुपैयाँ | | वन पैदावार (काठ) | |
|---|---|---|---|---|---|---|---|---|---|
| परिमाण(ग्राम) | पटक | रुपैयाँ | परिमाण(ग्राम) | पटक | रुपैयाँ | पटक | रुपैयाँ | क्यू.फिट. | रुपैयाँ |
| ९०.५४ | १ | १९६९३०८.४ | १०३७८.६ | २ | २६१०५२७ | २१ | २१७८३२२३.०७ | २६१३.८६ | ४१३१३३६ |

## ❖ नेपाल ए.पी.एफ. अस्पताल

**बेड क्षमता**

- स्थायी स्वीकृत बेड - ३००
- आइ.सि.यू. - २० (१२ भेन्टिलेटर सहित)
- HDU - १००
- जनरल वार्ड - १८०
- सशस्त्र प्रहरी कर्मचारीको लागि अलग आइसोलेसन सेन्टर- ६० बेड

(१०) **सूचना अधिकारी र प्रमुखको नाम र पद :-**

–प्रमुख – सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल ।

–सूचना अधिकारी/प्रवक्ता – सशस्त्र प्रहरी नायव महानिरीक्षक मनिष थापा ।

(११) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :-**

–सशस्त्र प्रहरी ऐन, २०५८

–सशस्त्र प्रहरी नियमावली, २०७२

–कल्याणकारी सेवा केन्द्रको कोष संचालन सम्बन्धी (पहिलो संशोधन कार्यविधि २०७४)

–नेपाल ए.पि.एफ. स्कूल संचालन विनियमावली, २०७६ (दोश्रो संशोधन)

–नेपाल ए.पि.एफ.स्कूल विधान, २०६२ (तेस्रो संशोधन)

–बिशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन निर्देशिका, २०७४

(१२) **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :-**

- **वार्षिक बजेट:** आ.ब. २०८२/०८३ मा चालु तथा पुँजीगततर्फ निकासा भएको कुल बजेट रकम रु. २८ अर्ब ८६ करोड ६५ लाख मात्र ।
- **कार्तिक, मंसिर र पौष गरी ३ महिनाको अवधिमा खर्च :**
- सो अवधिमा चालु तथा पुँजीगत तर्फ खर्च भएको कुल रकम रु. ६ अर्ब ४५ करोड २९ लाख ६७ हजार मात्र।
- **बाँकी बजेट :** रु. १५ अर्ब ३५ करोड ६४ लाख ४८ हजार मात्र ।

(१३) तोकिए बमोजिमका अन्य विवरण :-

–सशस्त्र प्रहरी बल, नेपालका सूचना अधिकारी तथा प्रवक्ता, सम्बन्धित ए.पि.एफ. इकाईका सूचना अधिकारीहरुको नाम, मोवाइल नम्बर तथा तस्वीर सहितको विवरण उल्लेख गरिएको साईनबोर्ड विभिन्न ए.पि.एफ. इकाईहरुमा देखिने गरी राखिएको ।

–नियमित पत्रकार सम्मेलन गरी भए गरेका कामकारवाहीबारे जानकारी गराइएको ।

–टेलिफोन मार्फत सूचना माग गर्नेहरुलाई समेत तत्कालै सूचना उपलब्ध गराइएको ।

–सूचना उपलब्ध गराउन सूचना शाखा स्थापना गरिएको ।

–गुनासो सुनुवाईको लागि शाखा स्थापना गरी लिखित तथा मौखिक रुपमा गुनासो प्राप्त गरी आवश्यक कामकारवाही गरिएको ।

–रेडियो तथा टिभी कार्यक्रम संचालन गरी सो मार्फत समेत भए गरेका कामकारवाही सार्वजनिक गरिएको ।

–नयाँ भर्ना तथा छनौट कार्यका बेला पर्चा पम्प्लेट वितरण गरी निश्पक्ष भर्नाका सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराइएको ।

–जोखिम न्यूनिकरण सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गरिएको, विभिन्न निकायलाई विपद्बाट जोगिन जनचेतना अभिवृद्धि गर्न कक्षा संचालन तथा विभिन्न नदि नालामा डेमो प्रदर्शन गरी सो बारे प्रचार प्रसार गरिएको ।

–लैंगिक हिंसा न्यूनीकरण, मानव अधिकार एवं लागूऔषध सम्बन्धी विभिन्न विषयमा जनचेतना मूलक कार्यक्रम संचालन गरिएको ।

–भए गरेका महत्वपूर्ण कामकारवाहीहरु समाचार बुलेटिन मार्फत समेत सार्वजनिक गरिएको तथा सशस्त्र प्रहरी बल, नेपालको वेभसाइटमा समेत राखिएको ।

(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण :-

–सशस्त्र प्रहरी बल, नेपालको वेभसाइटमा उल्लेख रहेको ।

(१५) सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण :-

–सशस्त्र प्रहरी बल, नेपालको वेभसाइट https://www.apf.gov.np रहेको ।

(१६) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी बिबरण ।

–नभएको ।

(१७) <u>सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन,</u>

–व्यवसायिक कामकारवाही बाहेक अन्य कार्यक्रम नभएको ।

(१८) <u>सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि,</u>

–नभएको ।

(१९) <u>सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय,</u>

–लिखित तथा मौखिक रुपमा माग गरिएको सूचना ऐन तथा नियमानुसार यथाशीघ्र उपलब्ध गराईएको ।

(२०) <u>सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :-</u>

–सशस्त्र प्रहरी बल, नेपालमा भए गरेका कार्यहरुको प्रगती प्रतिवेदन बारे आवश्यकतानुसार प्रेस विज्ञप्ती एवं पत्रकार सम्मेलन, सशस्त्र प्रहरी बल, नेपालद्वारा प्रकाशित बिभिन्न पुस्तक, समर्पण राष्ट्रका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम, समर्पण ए.पि.एफ. मासिक पत्रिका, सशस्त्र प्रहरी बल, नेपालको वेभसाइट तथा फेसबुक लगायत विभिन्न संचार माध्यमबाट प्रकाशन हुने गरेको।